LSTM
LIVERPOOL SCHOOL OF TROPICAL MEDICINE

BNMT NEPAL
Serving the People of Nepal

IMPACT TB

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी









## पृष्ठभूमि

चितवन जिल्लाका मानिसहरु नेपालको अन्य जिल्लाहरुमा जस्तै क्षयरोगको उच्च जोखिममा बाँचिरहेका छन् । यसरी उनीहरुले क्षयरोगका कारण भोगिरहेका दुःख–कष्टहरु अन्त्य गर्नका लागि हामीले क्षयरोगका हरेक बिरामी पत्ता लगाई, उनीहरुको पूर्ण उपचार गर्न जरुरी छ । क्षयरोगको छिटो तथा सही पहिचान भएमा रोगको गम्भीरता कम हुनुका साथै प्रभावित परिवारमा आर्थिक बोझ पनि कम पर्दछ । यसले गर्दा दीर्घकालीन  स्वास्थ्य समस्याहरु र सम'दायमा रोगको संक्रमणलाई रोकथाम गर्न सकिन्छ ।

यसै सर्न्दभमा बिराट नेपाल मेडिकल ट्रष्टले विभिन्न अर्न्तराष्ट्रिय संस्थाहरुसँग साझेदारी गरेर समुदायमा रहेका क्षयरोग प्रभावित व्यक्तिहरुलाई सक्रिय रुपमा  पत्ता लगाउने विधि (सक्रिय खोजपड्ताल कार्यक्रम–ACF) बारे अध्ययन गरिरहेको छ । यस प्रयासबाट हामी प्रत्येक क्षयरोग बिरामीहरुकहाँ चाडै पुगी राष्ट्रिय क्षयरोग कार्यक्रमद्वारा उनीहरुको प्रभावकारी रुपमा उपचार हुने सुनिश्चित गर्न सक्दछौँ । सक्रिय खोजपड्ताल कार्यक्रम भने को क्षयरोगको पहिचान, उपचार तथा रोकथामको लागि अपनाइएको वृहत  रणनितीको एक अभिन्न अङ्ग हो ।

यहाँ हामी IMPACT TB परियोजना अर्न्तगत २०१७ जुन देखि २०१९ जुन सम्म दुई बर्ष भित्र गरिएको सक्रिय खोजपड्ताल कार्यक्रम (ACF) बाट प्राप्त नतिजा प्रस्तुत गर्दछौ । साथै भविष्यमा क्षयरोग निराकरण गर्न आवश्यक रणनितिहरुबारे छलफल गर्नेछौँ ।






## समस्याको विवरण

आगामी पुस्ताका लागि क्षयरोग रहित नेपाल निर्माण गर्नका लागि बिरामीको खोजी गर्ने प्रभावकारी विधिहरु सम्बन्धी प्रशस्त प्रमाण जुटाउन आवश्यक छ ।

## मुख्य नतिजाहरु

१. IMPACT TB परियोजना मार्फत चितवन, धनुषा, महोत्तरी तथा मकवानपुर गरी चार जिल्लामा समग्रमा ११९३ नयाँ बिरामीको पहिचान तथा उपचार भयो ।

२. गएको दुई वर्षमा यस परियोजनाबाट चितवनमा मात्र ४३० थप नयाँ विरामीको पहिचान भयो ।

३. यस अर्थमा यो परियोजनाले चितवन जिल्लाको क्षयरोग कार्यक्रममा पहिलो वर्ष १३ % तथा दोषो वर्ष २३ % थप योगदान गर्न सफल भएको छ ।

४. समुदायमा नयाँ बिरामीको पहिचान कार्य प्रभावकारी बनाउन वि.एन्.एम्.टी नेपालले चितवनमा थप तीन GeneXpert मेसिन सहयोग गर्‍यो ।

५. बिरामीको परिवारको आर्थिक अवस्था तथा खर्चबारे चितवन जिल्लामै गरिएका अनुसन्धानका परिणाम अनुसार बिरामीहरु उच्च आर्थिक बोझको शिकार हुन पुगेका छन् । २ मध्ये १ क्षयरोगका बिरामीहरुले आफ्नो बार्षिक आम्दानीको २० प्रतिशत भन्दा बढी खर्च बेहोरिरहेका छन् ।

## प्राथमिक कार्यहरू :

१. राष्ट्रिय क्षयरोग prevalence सर्वेक्षणको निष्कर्षमा आधारित भई चितवन जिल्लाका लागि क्षयरोग प्रभावित व्यक्तिहरु पत्ता लगाउने लक्ष्यहरु संसोधन गर्ने ।

२. "हरेक बिरामी, हरेक ठाउँमा" नारा सहित बिरामी पत्ता लगाई उपचारमा सहयोग गर्ने ।

३. Passive Case Finding (PCF) सुदृढीकरणको साथसाथै, दिगो तथा प्रभावकारी ACF रणनीतिको लागि मानव संसाधनको वृद्धि तथा सुधार गर्ने।

४. GeneXpert सेवा जारी राखी यस जिल्लाका दुर्गम समुदायको पहुँचमा पुऱ्याउने ।

५. क्षयरोग रोकथाम गर्नका लागी यसका सुसुप्त बिरामी पत्ता लगाई उनीहरुको पुर्ण रुपमा उपचार गरेर समुदायबाट क्षयरोगको संक्रमण रोक्ने ।

## क्षयरोगको चाप घटाउन चितवन जिल्लामा मिलेर गर्ने भावी योजनाहरू :

IMPACT TB परियोजनाको दोस्रो चरण (IMPACT 2 TB 2020 – 2021) मा, यस वि.एन.एम.टी नेपालले राष्ट्रिय क्षयरोग कार्यक्रम तथा समुदायका सरो कारवालाहरु सँग सहकार्य गर्दै चारवटा स्थानमा GeneXpert को प्रयोग गरी यस जिल्लामा सक्रिय क्षयरोग प्रभावित व्यक्तिहरु पत्ता लगाउने कार्य तीव्र रुपमा जारी राख्ने छ । यस संस्थाले २०२० मा सुसुप्त क्षयरोग प्रभावित व्यक्तिहरुको परिक्षण र उपचार सुरु गरी क्षयरोगको संक्रमण तथा रोकथाम गर्नमा मद्दत पुऱ्याउनेछ । आशा गर्दछौ हाम्रो यस प्रयासले चितवन जिल्लाको क्षयरोग प्रभावित समुदायमा क्षयरोग रोकथाम गर्न ठूलो टेवा पुऱ्याउनेछ र यसको निराकरणका लागि हामी अझ अघि बढ्नेछौँ ।





## कार्यान्वयनका लागि ध्यान दिनु पर्ने कुराहरू

१. चितवन जिल्लाका प्रत्येक क्षयरोग प्रभावित व्यक्ति पत्ता लगाई उपचार गराउन हालका क्षयरोग निदानका सञ्जालहरु अपर्याप्त छन् ।

२. कमजोर स्वास्थ्य तथा यतायात पुर्वाधारका कारण धेरै मात्रामा क्षयरोगका बिरामी प्रारम्भिक निदान प्रणालीको पहुँचबाट टाढा छन् ।

३. ACF द्वारा धेरै मात्रामा क्षयरोग प्रभावित व्यक्तिहरुको प्रारम्भिक निदान र उपचार भएको छ तापनि क्षयरोगको रोकथाम आवश्यक छ ।

४. ACF बिधिलाई बृहत तथा दिगो रुपमा अघि बढाउनु पर्दछ र सुसुप्त क्षयरोग प्रभावित व्यक्तिहरुको उपचारको सुरुवात हुनु पर्दछ ।

५. चितवन जिल्लाको क्षयरोग प्रभावित परिवारहरुमा पर्न सक्ने गम्भीर आर्थिक प्रभावलाई कम गर्न उनीहरुका लागि थप पोषक तत्व र सामाजिक तथा आर्थिक सहयोग आवश्यक छ ।



**IMPACT TB** परियोजनाको उद्देश्य नेपाल तथा भिएत्नामका समुदायहरुमा रहेका क्षयरोग बिरामी पत्ता लगाउनु र उपचार गर्नु हो । यस परियोजनाको लागि आर्थिक सहयोग युरोपियन युनियन बाट प्राप्त छ । www.impacttbproject.org

थप जानकारीका लागि सम्पर्क : म्यक्सिन कज (maxine.caws@bnmt.org.np), रघु धिताल (raghu.dhital@bnmt.org.np) अथवा तारा प्रसाद अर्याल (tara@bnmt.org.np)